# म्याग्दी प्रवासी नेपाली संघ
# अन्तराष्ट्रिय कार्यसमितिको बिधान
# २०६६
## (दोस्रो महाधिवेशनमा शंशोधित २०७४)

# MYAGDI OVERSEAS NEPALESE ASSOCIATION (MONA)
# CHARTER-2066
## Amend by Second General Convention 2074

प्रस्तावनाः

विश्वमान चित्रमा एशिया महादेशको दक्षिणी भू(भागमा अवस्थित एक भुपरिवेष्ठीत देश नेपाल, संसारकै सबैभन्दा अग्लो शिखर सगरमाथाको देशले परिचित छ । यसको ७८ ( अठहत्तर) जिल्लाहरूको एक जिल्ला म्याग्दी, विश्वकै सबैभन्दा गहिरो गल्छी अन्धा गल्छी ( धवलागिरि तथा अन्नपूर्ण हिमालको बिचको गल्छी) यसै जिल्लामा पर्दछ । यो जिल्ला नेपालकै प्राकृतिक सुन्दरताले भरिपूर्ण हुनुका साथै लोक संस्कृतिको धनी जिल्लाहरू मध्येको एक भएता पनि विकासको गति लिन नसक्दा यहाँका बहुसंख्यक मानिसहरू विशेष गरी आफ्नो रोजगारीको लागि विभिन्न पेशा,व्यवशाय तथा अध्ययनमा संलग्न भइ प्रवासीका रूपमा विश्वभरी छरिएका छन् । यसर्थः यसरी छरिएर रहेका म्याग्दीवासीको हक,हित तथा अधिकारको संरक्षण तथा संवर्धन गर्नको साथै तिनीहरू बिच आपसी सहयोग, समभ्दारी तथा सद्भावनाको अभिवृध्दि गरी, स्वदेशी तथा प्रवासी म्याग्देली जनशक्ति शिप साधन र श्रोत र अनुभव, म्याग्दीमा रहेको जनशक्तिलाई परिचालन गर्दै यस जिल्लालाई विकसित नमुना जिल्ला  बनाउन पहल गर्ने पवित्र उद्देश्यले अभिप्रेरीत भई बिभिन्न देशरराष्ट्रहरूमा छरिएर रहेका म्याग्दीबासीले स्थापना गरेका म्याग्दी प्रवासी नेपाली संघको नामले स्थापित संस्थाहरूलाई एकिकृत गर्दै एक गैर सरकारी,गैर राजनैतिक तथा गैर नाफामुलक अन्तर्राष्ट्रिय वित्तिय सामाजिक (SOCIO-ECONOMIC) संस्थाको स्थापना गर्न बञ्छनीय भएको हुनाले संघ(संस्था दर्ता ऐन २०३४ अन्तर्गत रहने गरी यस संस्थाको स्थापना गरिएको छ ।

भाग १

संस्थाको नाम,प्रारम्भ र परिभाषा

१.०  संक्षिप्त नामः यस संस्थाको संक्षिप्त नाम “म्याग्दी प्रवासी नेपाली संघ” हुनेछ । यसलाई अंग्रेजीमा “ MYAGDI OVERSEAS NEPALESE ASSOCIATION” भनिनेछ । यसलाई छोटकरीमा “ मोना ” (MONA) भनिनेछ ।

२.०  यस संस्थाको विधान जिल्ला प्रशासन कार्यालय म्याग्दीबाट स्वीकृत भएको मिति देखि प्रारम्भ भइ लागू हुनेछ ।

३.०  परिभाषाः विषय या प्रशंगले अर्को अर्थ नलागेसम्म यस विधानमास

३.१  “मोना” (MONA) भन्नाले म्याग्दी प्रवासी नेपाली संघको संक्षिप्त रूपलाई बुझाउनेछ ।

३.२  “संस्था” भन्नाले म्याग्दी प्रवासी नेपाली संघ “मोना” लाई बुझाउनेछ ।

३.३  “आइईसी” भन्नाले क्रमशः अन्तर्राष्ट्रिय कार्य समिति र अंग्रेजीमा (Int’l Executive Committee ) लाई बुझाउनेछ ।

३.४  “एनईसी” (NEC) भन्नाले राष्ट्रिय कार्यसमितिरपरिषद -Nat’l Executive Committee) लाई बुझाउनेछ ।

३.५  “सचिवालय” भन्नाले संस्थाको सचिवालयलाई बुझाउनेछ ।

३.६  “मुख्याधिकारीर कार्यपदाधिकारी” भन्नाले संस्थाको अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष,उपाध्यक्ष महासचिव, सचिव, कोषाध्यक्ष तथा सह-कोषाध्यक्ष समेतलाई बुझाउनेछ ।

३.७  “पदाधिकारी” भन्नाले संस्थाको बिभिन्न पदमा आसिन व्यक्तित्वहरूलाई बुझाउनेछ ।

३.८  “अध्यक्ष” भन्नाले संस्थाको अध्यक्षलाई बुझाउनेछ ।

३.९.१ “वरिष्ठ उपाध्यक्ष” भन्नाले संस्थाको बरिष्ठ उपाध्यक्षलाई बुझाउनेछ ।

३.९.२ “उपाध्यक्ष” भन्नाले संस्थाको उपाध्यक्ष तथा महिला आरक्षण उपाध्यक्ष समेतलाई बुझाउनेछ ।

३.१०  “महासचिव” भन्नाले संस्थाको महासचिवलाई बुझाउनेछ ।

३.११.१‘सचिव” भन्नाले संस्थाको सचिवलाई बुझाउनेछ ।

३.१२.१“कोषाध्यक्ष” भन्नाले संस्थाको कोषाध्यक्षलाई बुझाउने छ ।

३.१२.२  “सह(कोषाध्यक्ष” भन्नाले संस्थाको सह(कोषाध्यक्षलाई बुझाउनेछ ।

३.१३  “क्षेत्रिय संयोजक” भन्नाले संस्थाको संबन्धित क्षेत्रको क्षेत्रिय संयोजकलाई बुझाउनेछ ।

३.१४  “क्षेत्रिय सह संयोजक” भन्नाले संस्थाको संबन्धित क्षेत्रको सह संयोजकलाई बुझाउनेछ ।

३.१५ “अन्तर्राष्ट्रिय कार्यसमिति सदस्य” भन्नाले संस्थाको अन्तर्राष्ट्रिय कार्य समितिको सदस्यलाई बुझाउनेछ ।
३.१६ साधारण सदस्य⁄संस्था भन्नाले संस्थाको साधारण सदस्य⁄संस्थालाई बुझाउनेछ ।
३.१७ “पञ्जिकृत सदस्य⁄संस्था” भन्नाले संस्थाको पञ्जीकृत सदस्य⁄संस्थालाई बुझाउनेछ ।
३.१८ “पञ्जीकृत (पदेन) सदस्य” भन्नाले संस्थामा पञ्जीकृत सदस्य(संस्थाको बहालवाला सदस्य (राष्ट्रिय कार्य समितिमा पञ्जीकृत सदस्य)लाई बुझाउनेछ ।
३.१९ “सम्बन्धन सदस्य(संस्था” भन्नाले संस्थाको सम्बन्धन सदस्य(संस्थालाई बुझाउनेछ ।
३.२० “मानार्थ सदस्य(संस्थारसदस्य” भन्नाले संस्थाको मानार्थ सदस्य(संस्था या सदस्यलाई बुझाउनेछ ।
३.२१ “सल्लाहकार सदस्य” भन्नाले संस्थाको सल्लाहकार सदस्यलाई बुझाउनेछ ।
३.२२ “महाधिबेशन (विश्व(सम्मेलन)” भन्नाले संस्थाको महाधिवेशन (विश्व(सम्मेलन)लाई बुझाउनेछ ।
३.२३ “विशेष महाधिवेशन” भन्नाले संस्थाको विशेष महाधिवेशनलाई बुझाउनेछ ।
३.२४ “क्षेत्रिय सम्मेलन” भन्नाले संस्थाको संबन्धित क्षेत्रको क्षेत्रिय सम्मेलनलाई बुझाउनेछ ।
३.२५ “राष्ट्रिय अधिवेशन” भन्नाले संस्थाको राष्ट्रिय अधिवेशनलाई बुझाउनेछ ।
३.२६ “समिति” भन्नाले संस्थाको विभिन्न समिति,कार्यदल,विभाग,नियोग आदिलाई बुझाउनेछ ।
३.२७ “स्थानीय पदाधिकारी” भन्नाले स्थानिय पदाधिकारीलाई बुझाउनेछ ।
३.२८ “संस्थापक सदस्य⁄संस्था” भन्नाले संस्थाको प्रथम महाधिवेशनको बखतका पञ्जीकृत सदस्य⁄संस्थालाई बुझाउनेछ ।
३.२९ “व्यवस्थापन समिति” भन्नाले संस्थाको व्यवस्थापन समितिलाई बुझाउनेछ ।
३.३० “वार्षिक बैठक र साधारण सभा” भन्नाले संस्थाको वार्षिक बैठक र साधारण सभालाई बुझाउनेछ ।
३.३१ “सल्लाकार समिति र सदस्य” भन्नाले संस्थाको सल्लाहकार समिति र सदस्यलाई बुझाउनेछ ।
३.३२ “संरक्षक समिति” भन्नाले संस्थाको संरक्षक समितिलाई बुझाउनेछ ।
३.३३ “प्रवक्ता” भन्नाले संस्थाको मूल प्रवक्ता तथा प्रवक्तालाई बुझाउनेछ।
३.३४ “स्थानीय समन्वय समिति” भन्नाले संस्थाको स्थानीय स्तरमा समन्वय समितिलाई वुझाउनेछ ।
३.३५ महिला संयोजक भन्नले संस्थाको महिला संयोजकलाई बुझाउने छ ।

## भाग २
## संस्थाको स्वरूप

४.१ यो संस्था एक स्वतन्त्र, स्वशासित, अविभाजित,आत्मानिर्भर, अवछिन्न उत्तराधिकारीवाला, मुनाफा रहित संगठित गैर सरकारी, गैर राजनैतिक जनहितकारी वित्तिय( आर्थिक सामाजिक संस्था हुनेछ ।
४.२ यस संस्थाको आदर्शवचन “प्रवासी म्याग्देलीको भावना, समृद्ध म्याग्दी हाम्रो चाहना” हुनेछ ।
४.३ संस्था म्याग्दी जिल्ला प्रशाशन कार्यालयमा दर्ता गरिनेछ ।
४.४ संस्थाको मुख्य (केन्द्रीय) कार्यालय म्याग्दी जिल्लाको सदरमुकाम बेनीमा रहनेछ र आवश्यक्ता अनुसार अनुमति लिएर विभिन्न स्थानमा सम्पर्क कार्यालय खोल्न सकिनेछ ।
४.५ संस्थाको आफ्नै प्रतिक चिन्ह, झण्डा, छाप, नाम⁄पत्र, सदस्ता आवेदन⁄फारम, सदस्यता परिचय⁄पत्र, शपथ ग्रहण देहाय अनुसूची वमोजिम हुनेछ ।

४.५.१ अनुसूची(१ प्रतिक चिन्ह
४.५.२ अनुसूची(२ झण्डा
४.५.३ अनुसूची(३ छाप
४.५.४ अनुसूची(४ नाम(पत्र
४.५.५ अनुसूची(५ सदस्यता आवेदन(फारम
४.५.६ अनुसूची(६ सदस्यता(पत्र
४.५.७ अनुसूची(७ शपथ(ग्रहण

## भाग ३

संस्थाका उदेश्य

५.० नेपाल सरकारको नीति तथा निर्देशनको परिधिमा रही कार्य गर्न यस संस्थाको उदेश्य देहाय वमोजिम हुनेछ ।
५.१ म्याग्दी जिल्लाको सर्वाङगीण विकासको लागि योगदान पुर्याउन संस्थाको परिचालन गर्ने ।
५.२ प्रवासमा रहेका म्याग्दीवासीको क्षमता तथा शिपलाई उपयोग गर्ने वातावरण बनाउन प्रयास गर्ने ।
५.३ नेपाल तथा संसारका बिभिन्न ठाँउमा छरिएर रहेका म्याग्दीवासीका विच आपसी भातृत्व संबन्धको विकास गर्दै प्रवासमा म्याग्दी तथा नेपालको कला,संस्कृति तथा पर्यटन प्रर्वदन गर्ने ।
५.४ संसारका बिभिन्न देशमा छरिएर रहेका म्याग्दी वासी सामुदायका संघ/संस्थाहरूको सञ्जाल स्थापना गरी म्याग्दी प्रवासी नेपाली संघमा आवध्द गर्दै साझा संस्थाको रूपमा विकसित गरी म्याग्दी जिल्ला तथा प्रवासमा रहेका म्याग्दीवासीहरुको हक,हित तथा उत्थानको लागि तिनीहरूको न्यायोचित सवन्वय गर्ने गरी संयोजकको रूपमा काम गर्ने ।
५.५ संस्थाका सम्पूर्ण सदस्य/संस्था र सदस्य तथा म्याग्दी वासीको हक, हित तथा अधिकार संरक्षण, सर्म्वधन तथा उत्थानका लागि अन्तर्राष्ट्रिय नीति निर्माणको लागि पहल गर्ने ।
५.६ संस्थाका सदस्य/संस्था तथा प्रवासी म्याग्दी वासीको प्रत्यक्ष लागनीलाई म्याग्दी जिल्लामा आकर्षण गरी उपयोग गर्नको लागि उत्प्रेरकको हैशियतले भूमिका खेल्ने ।
५.७ संस्थाको सदस्य/संस्था, म्याग्दी वासी संस्था तथा प्रवासी म्याग्दी वासी ले आर्जेको पूँजी तथा मानव परिश्रमको श्रोत (मानव संशाधन) को लगानी नेपाल सरकारको स्थानीय तह र जिल्लाका उधमी तथा व्यावशायी संग साझेदारी स्थापना गरी कार्य गर्ने ।

भाग ४
सदस्यता सम्वन्धी व्यवस्था

६.० कानून बमोजिम म्याग्देलीको प्रवासी हैशियत कायम रहेसम्म यस संस्थाको सदस्यता कायम रहनेगरी सदस्यता प्रदान गरिनेछ । संस्थाका सदस्यताको वर्गीकरण देहाय बमोजिम हुनेछ ।
६.१ साधारण सदस्यः दक्षिण एशियाली सहयोग संगठन अन्तर्गतका मुलुक बाहेकका अन्य देशहरुमा बिभिन्न पेशा, रोजगारी तथा व्यावशाय गरी बस्ने सम्पूर्ण म्याग्दी प्रवासी नेपाली संघको नामले स्थापित तथा प्रवासी म्याग्दी वासी र म्याग्देली संस्था तथा म्याग्देलीहरू यस विधानको परिधिमा रही साधारण सदस्य/संस्था र सदस्य हुन सक्नेछन् ।
६.२ पञ्जिकृत सदस्य/संस्थाः संस्थाको विधानमा व्यवस्था भए अनुरूप राष्ट्रिय कार्यसमितिको अनुरोधमा अन्तर्राष्ट्रिय कार्यसमिति द्वारा सदस्यता आवेदन प्रमाणित संस्था पञ्जिकृत सदस्य/संस्था हुनेछन । यी सदस्य/संस्थाले संस्थाको महाधिवेशन (विश्व सम्मेलन), क्षेत्रिय सम्मेलन तथा वार्षिक साधारण सभामा यस संस्थाले प्रतिनिधित्व गरेको सदस्यबाट भोट हाल्ने मताधिकारी तथा निर्वाचनमा प्रतिष्पर्धा गर्ने अधिकार पाउँनेछन । यसलाई सरलीकरण गर्नको लागि मापदण्ड या नियमावली निर्माण गरी प्रयोजन गरिनेछ ।
६.३ पञ्जीकृत (पदेन) सदस्यः यस संस्थाका पञ्जीकृत सदस्य/संस्थाको पञ्जीकृत सदस्य यस विधानको परिधिभित्र रही संस्थाको पञ्जीकृत (पदेन) सदस्य हुनेछन ।
६.४ सम्वन्धन सदस्य(संस्थाः म्याग्दी जिल्लाको नामले यसको उत्थान गर्ने उद्देश्यले स्थापित संघ(संस्था यस संस्थाको सम्वन्धन सदस्य/संस्था हुनेछन । यस्ता सदस्य/संस्थाको अधिकार यस विधानमा व्यवस्था भए बमोजिम हुनेछन् ।
६.५ मानार्थ सदस्यः म्याग्दी प्रवासी नेपाली संघको लागि विशेष उल्लेख्यनीय योगदान गरेको कुरो अन्तर्राष्ट्रिय कार्य समितिको सिफारिस मा महाधिवेशन (विश्वसम्मेलन) ले अनुमोदन गरेमा त्यस्ता संस्था तथा व्यक्तिलाई संस्थाको मानार्थ सदस्य/संस्था तथा सदस्यता प्रदान गर्न सक्नेछ तर त्यस्ता सदस्य/संस्था तथा सदस्यले निर्वाचनमा उमेदवारी दिन तथा भोट हाल्न पाउँने अधिकार हुने छैन ।
६.६ संस्थापक सदस्य/संस्थाः यस संस्थाको प्रथम महाधिवेशनका बखतका पञ्जिकृत सदस्य/संस्थालाई संस्थापक सदस्य/संस्था मान्य हुनेछ र ती पञ्जिकृत सदस्य/संस्थाका बहालवला सदस्य स्वतः पञ्जिकृत (पदेन) संस्थापक सदस्य हुनेछन । यस प्रावधानलाई प्रयोजनको लागि नियमावली निर्माण गरी प्रयोजन गरिनेछ ।

७.० सदस्य/संस्थाको योग्यता तथा शुल्क:
७.१ कुनै पनि राष्ट्रको म्याग्दी प्रवासी नेपाली संघ तथा म्याग्दीको नामले स्थापित गरिएका गैर सरकारी, गैर राजनैतिक तथा जनहितकारी सामाजिक संस्था यस संस्थाको सदस्य/संस्था हुनको लागि योग्य हुनेछन र त्यस्ता संस्थाको योग्यता निर्धारण गर्ने अधिकार महाधिवेशनले र महाधिवेशन नचलेको अवस्थामा अन्तर्राष्ट्रिय कार्यसमिति लाई हुनेछ ।
७.२ राष्ट्रिय कार्य समितिको आवेदनमा अन्तर्राष्ट्रिय कार्य समितिले पञ्जीकृत सदस्य/संस्था प्रदान गर्न सक्नेछ ।
७.३ पञ्जीकृत सदस्य संस्थाको शुल्क: पञ्जिकृत सदस्य/संस्थाको सदस्यता शुल्क वापत १५००० -पन्द्र हजार)रुपैया प्रति बर्ष भुक्तानी गर्नु पर्नेछ । यस प्रावधानको लागि कार्यसमितिले नियमावली निर्माण गरी तोक्न सक्ने छ ।
७.४ अन्तर्राष्ट्रिय कार्यसमितिले संस्थामा आवद्ध सदस्य/संस्थाको एकिकृत अभिलेख राख्नु पर्नेछ ।
७.५ प्रत्येक राष्ट्रिय कार्यसमितिले पर्नजिकृत सदस्य शुल्कको बढिमा ३० प्रतिशत अन्तराष्ट्रिय कार्यसमितिमा बुझाउनु पर्ने छ ।

८.० सदस्य/संस्था र सदस्यको काम,कर्तव्य तथा अधिकार:
८.१ सदस्य/संस्था र सदस्यको काम, कर्तव्य र अधिकार स्वयं सदस्य/संस्था तथा सदस्यमा नै निहित रहनेछ ।
८.२ सदस्य/संस्था र सदस्यले विधान तथा यसका नियम अन्तर्गत रही संस्थाको उदेश्य प्राप्तिको लागि संस्थाको अधिकतम क्षमता प्रयोजन गर्न सक्नेछन् ।
८.३ पञ्जिकृत सदस्य/संस्थाको प्रतिनिधिलाई वार्षिक साधारण सभा, सम्वन्धित क्षेत्रको सम्मेलन तथा महाधिवेशन विश्व सम्मेलन मा सहभागी हुन, चुन्न र चुनिन सक्ने अधिकार रहनेछ ।
८.४ सम्वन्धन सदस्य/संस्था: यस सम्वन्धित सदस्य संस्थाका प्रतिनिधिले यस विधानको परिधिमा रही निर्मित नियमावली, मापदण्ड तथा सर्त वमोजिम संस्थाको महाधिवेशन, क्षेत्रिय सम्मेलन तथा विभिन्न सभा(सम्मेलन,बैठकमा सहभागी हुन सक्नेछन ।
तर मताधिकार तथा उमेदवारी दिने र चुनिन पाउने अधिकार हुने छैन ।
८.५ मानार्थ सदस्य/संस्थारसदस्य: यस प्रकारको सदस्य(संस्थारसदस्य संस्थाका सम्पूर्ण सभा/सम्मेलन तथा बैठकमा सहभागी हुने सक्नेछन् तर मताधिकार प्रयोजन गर्न भने बञ्चित रहनेछन ।
८.६ संस्थापक सदस्य(संस्था: यस संस्थाको संस्थापक सदस्य/संस्थाले संस्थाको उद्देश्य प्राप्तिको लागि गरिमामय विषय बस्तुमा गहन (सुक्ष्म) अध्ययन गरी संस्थाको गरिमा रक्षाको लागि सदैव सक्रिय रही भूमिका खेल्न सक्ने विशेष अधिकार रहनेछ ।

९.० संस्थामा सदस्यता नरहने अवस्था:
९.१ कुनै पनि सदस्य/संस्थाले संस्थाको कार्य समितिको सूचनाको वावजूद दर्ता पञ्जिकृत सदस्य/संस्था शुल्क तोकिएको समयमा भुक्तानी नगरेमा, त्यस्ता सदस्य/संस्थाको पञ्जिकृत संस्थालाई विधानमा व्यवस्था भए बमोजिम निलम्वन या रद्ध गर्न सक्नेछ ।
९.३ कुनै पनि सदस्य/संस्थाले संस्थाको सदस्यता त्याग्न चाहेमा कम्तिमा ९० दिन अगाडि संस्थाको अन्तर्राष्ट्रिय कार्यसमितिलाई सदस्ता त्यागनको कारण सहित लिखित निवेदन दिनु पर्नेछ । संस्थाको कार्यसमितिले निवेदन उपर छलफल गरी दुई तिहाई बहुमतले स्वीकृत गरेमा मात्र निर्णय गरेको मितिदेखि दर्ता पञ्जिकृत सदस्यता त्यागेको मान्य हुनेछ । अन्यथा निवेदन निश्कृय रहेको मान्य हुनेछ ।

स्पष्टिकरण (व्याख्या:) “प्रवासी म्याग्देली भन्नाले म्याग्दी जिल्लाबाट प्रत्यक्ष या अप्रत्यक्ष रुपमा प्रवासमा रहेको व्यक्ति तथा तिनीहरूको सन्ततिलाई बुझाउने छ । तर स्थानीय समिति र संस्था को हकमा भने यो नियम लागू हुने छैन ।

भाग ५
कोष तथा यसको व्यवस्था र सञ्चालन

१०. कोष:
१०.० संस्थाको कोषका श्रोत देहाय वमोजिम हुनेछन ।
१०.१ सदस्य(संस्थाको दर्ता तथा सदस्यता शुल्क ।
१०.२ संस्थाका बिभिन्न गतिविधि तथा कार्यक्रम मार्फत संकलित रकम ।
१०.३ संस्थाका सदस्य/संस्था तथा सदस्यबाट प्राप्त दान तथा सहयोग ।
१०.४ संस्थालाई स्वेच्छिक रूपमा प्राप्त भौतिक सामाग्री ।

१०.५  संस्थालाई सरकारी तथा दातृ/संस्थाबाट प्राप्त अनुदान ।
१०.६  अन्य बिबिध श्रोत ।

११.०  कोषको प्रकारः विविध उद्देश्यका लागि संस्थाले देहाय बमोजिमको कोषको स्थापना गरी सञ्चालन गर्नेछ ।

११.१  साधारण कोषः संस्थाको अन्तर्राष्ट्रिय कार्य समितिले एक साधारण कोष स्थापना गर्नेछ र सो कोषमा सम्पूर्ण आम्दानी तथा खर्च बाँधिने छ । सदस्यता शुल्क, प्रकाशन वापत प्राप्त रकम, विभिन्न गतिविधि र दान तथा दातृ निकायबाट प्राप्त रकम यस कोषको आयश्रोत हुनेछ ।

११.२  कल्याणकारी कोषः यस संस्थाको निश्चित कल्याणकारी परियोजना सञ्चालनार्थ कार्यसमितिले कल्याणकारी कोष स्थापना गर्न सक्नेछ । बिभिन्न व्यक्ति तथा संस्थाबाट प्राप्त हुने रकम,दान तथा दातव्य या सहयोग कोषका श्रोत हुनेछ । कार्यसमितिले कल्याणकारी कार्यको लागि विशेष समिति निर्माण गर्न सक्नेछ ।

११.३  अन्य कोषः माथी उल्लेखित कोष बाहेक अन्य कार्यको लागि संस्थाले “अन्य कोष” स्थापना गर्न सक्नेछ । दफा ११.२ मा उल्लेखित कोषको सञ्चालन कार्यविधि तोकिए बमोजिम हुनेछ । माथि उल्लेखित कोषभन्दा बाहेक अन्य कार्यका लागि गरेमा अमान्य हुनेछ ।

१२.०  कोष व्यवस्थापनः
१२.१  संस्थाको अन्तर्राष्ट्रिय कार्यसमितिको सुपरिवेक्षणमा कार्यसमितिको कोषाध्यक्षले संस्थाको उद्देश्यको लागि संस्थालाई प्राप्त हुने रकम, दान तथा दातव्य र सामाग्री व्यवस्थित गर्नेछन् ।
१२.२  संस्थाको हितको लागि हुने कोषको खर्चको सम्बन्धमा महाधिवेशनले अनुमोदन गरी निर्देशन गरे बमोजिम कार्यसमितिले निर्णय गरी हुनेछ ।

१३.०  खाता सञ्चालनः
१३.१  अन्तर्राष्ट्रिय कार्यकारी/अध्यक्षले संस्थाको नाममा वैंक या वित्तिय/संस्थामा खाता खोलि रकम राख्न सक्नेछ  र सो कोषको खाता सञ्चालन कार्यसमितिको अध्यक्ष, महासचिव र कोषाध्यक्षको नाममा संयुक्त खाता खोली सञ्चालन गर्नेछ ।
१३.२  दफा १३.१ मा उल्लेख गरिएको व्यक्तिहरू मध्य कुनै दुई जना प्रतिनिधिको हस्ताक्षरबाट वैंकिङ कार्य सञ्चालन गर्न मान्य हुनेछ । तर कोषाध्यक्षको हस्ताक्षर भने अनिवार्य हुनु पर्नेछ ।

१४.०  लेखा विधिः
१४.१  संस्थाले नेपालको प्रचलित लेखाविधि तथा मापदण्डको नियम बमोजिमको परिधिमा रही आम्दानी तथा खर्च सम्बन्धी लेखा राख्ने व्यवस्था गर्ने छ ।
१४.१.१  संस्थाको हिसाव/किताव सही ढंगले लेखा राख्ने ।
१४.१.२  संस्थाको आर्थिक तथा वित्तिय विवरण राख्ने ।
१४.१.३  संस्थाको स्वतन्त्र लेखा परिक्षण  गरी त्यसको वित्तिय विवरण राख्ने ।
१४.१.४  संस्थाको वार्षिक प्रतिवेदन तयार पारी वित्तिय विवरण समेत संलग्न गरी सम्बन्धित निकायलाई वुझाउने ।

भाग ६
महाधिवेशन, क्षेत्रिय सम्मेलन तथा अधिवेशन

१५.०  संस्थाको सभा/सम्मेलन तथा महाधिवेशन निम्न बमोजिम हुनेछन् ।
१५.१  महाधिवेशन (विश्व सम्मेलन) यो संस्थाको सर्वोच्च निर्णय गर्ने निकाय हुनेछ । र यो प्रत्येक २ बर्षमा १ (एक) पटक हुनेछ । यस महाधिवेशनमा सम्पूर्ण पञ्जिकृत सदस्य/संस्थाका पदेन सदस्यहरू प्रतिनिधि सदस्यको हैशियतले प्रतिनिधित्व गर्न पाउँनेछन ।
१५.२  महाधिवेशन (विश्व सम्मेलन) मा प्रतिनिधित्व गर्ने सदस्य/संस्थालाई सभा सञ्चालन हुनुभन्दा ९० (नव्बे) दिन अगाडि सूचना दिइ जानकारी गर्नु पर्नेछ ।

१५.३ महाधिवेशन -विश्व सम्मेलन) मा प्रतिनिधित्व गर्नको लागि कुनै पनि सदस्य/संस्थाको प्रतिनिधि अन्तर्राष्ट्रिय कार्य समितिले तोकेको समय तथा नियमको परिधि भित्र रही कार्य समितिमा लिखित जानकारी सहित नाम दर्ता गर्नु पर्नेछ ।
१५.४ राष्ट्रिय या अन्तर्राष्ट्रिय कार्यबाहलवाला सम्पूर्ण कार्यसमितिका पदाधिकारी तथा सचिवालयका उच्च व्यवस्थापकिय सदस्य तथा सल्लाहकार समितिका सदस्य महाधिवेशन (विश्व सम्मेलन)मा पदेन पर्यवेक्षकको रूपमा सहभागी हुन सक्नेछन् ।
१५.५ संस्थाको महाधिवेशन (विश्व सम्मेलन)मा सहभागी हुनको लागि राष्ट्रिय कार्य समितिले जारी गरेको प्रमाण पत्र पेश गर्नु पर्नेछ ।
१५.६ यदि कुनै पनि देशमा राष्ट्रिय कार्यसमितिको गठन भइ नसकेको अवस्थामा कुनै पनि साधारण सदस्यले महाधिवेशन (विश्व सम्मेलन) मा सहभागी हुने ईच्छा भएमा, निजले अन्तर्राष्ट्रिय कार्य समितिमा लिखित निवेदन दिई स्वीकृत लिई कार्यसमितिले स्विकृत गरेमा पर्यवेक्षकको रूपमा सहभागी हुन पाउँनेछन । त्यस्ता पर्यवेक्षक प्रतिनिधिलाई नियमावली बमोजिम आवश्यक ठानेमा २ वर्षसम्मको लागि आमन्त्रित सदस्यमा मनोनित गर्न सक्नेछ ।

**१६.० महाधिवेशन (विश्व सम्मेलन) को काम, कर्तव्य तथा अधिकारः**
१६.१ अन्तर्राष्ट्रिय कार्यसमितिले गरेको क्रियाकलापको मूल्याङकन गर्ने र त्यसलाई आवश्यक निर्देशन तथा सुझाव दिने ।
१६.२ अन्तर्राष्ट्रिय कार्यसमितिको सहमतिय आधारमा निर्विरोध र सो नभएमा निर्वाचन प्रणाली द्धारा अधिकतम बहुमतको या बहुमतको आधारमा निर्वाचन गर्ने ।
१६.३ संस्थाको विधानको परिधि अन्तर्गत निमिृत नियमावलीका दफा तथा उपदफा छलफल गरी संशोधन गर्ने ।
१६.४ संस्थाको उदेश्य प्राप्तीको लागि निर्देशक(सिध्दान्त तथा नीति निर्माण गर्ने ।
१६.५ संस्थाको भावी कार्यक्रमको तर्जुमा, रुपाङकन गरी अनुमोदन गर्ने ।
१६.६ आवश्यक्ता अनुसार संस्थाको कार्यसमिति तथा अन्य समितिको प्रतिवेदन उपलब्ध गर्ने, प्रदान गर्ने तथा प्रमाणित गर्ने ।
१६.७ संस्थाको लेखा परीक्षण प्रतिवेदन छलफल गरी पारित गर्ने ।
१६.८ अन्तर्राष्ट्रिय कार्यसमिति मार्फत महासचिवव्दारा प्रस्तुत सांगाठानिक तथा कार्य प्रगति प्रतिवेदन छलफल गरी अनुमोदन गर्ने ।
१६.९ अन्तर्राष्ट्रिय कार्य समिति मार्फत कोषाध्यक्ष द्धारा प्रस्तुत आर्थिक तथा जिन्सी प्रतिवेदन छलफल गरी अनुमोदन गर्ने ।
१६.१० अन्तर्राष्ट्रिय कार्य समिति मार्फत निर्माण गरिएको विधान संशोधन समिति द्धारा प्रस्तुत प्रतिवेदनमा छलफल गरी अनुमोदन गर्न ।

१७.० विशेष महाधिवेशन (विशेष विश्व सम्मेलन) सम्पूर्ण पञ्जिकृत सदस्य/संस्था मध्ये ५० प्रतिशतभन्दा बढी सदस्य/संस्थाले विशेष कारण देखाई लिखित हस्ताक्षर सहित विशेष महाधिवेशन (विशेष विश्वसम्मेलन) माग गर्न सक्नेछन् । यसरी माग गरिएको विशेष महाधिवेशनको लागि कार्यसमितिको अध्यक्षले ९० दिन (तीन महिना) भित्र कार्यसमितिको विशेष बैठक बोलाउनु पर्नेछ । यदि अन्तर्राष्ट्रिय कार्यसमितिले उक्त बैठकले अनुमोदन गरेमा विशेष महाधिवेशन बस्न सक्ने छ । उक्त सभाको अध्यक्षता संस्थाको अध्यक्षले र उनको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्षले गर्नेछन र सञ्चालन महासचिवले उनको अनुपस्थितिमा सचिवले गर्नछन् । यस सभामा दफा १५.३र१५.४र१५.५ ले ताके बमोजिमका प्रतिनिधिहरूले प्रतिनिधित्व गर्नेछन । तर यसतो विशेष(महाधिवेनले यस महाधिवेशनले माग गरिएको विषयमा मात्र छलफल तथा निर्णय गर्न सक्नेछन ।
१८.० क्षेत्रिय सम्मेलनः क्षेत्रीय सम्मेलन संस्थाको क्षेत्रिय गतिविधिलाई प्रवर्धन गर्न र सम्बन्धित क्षेत्रको राय सल्लाह बमोजिम संस्थाको अवस्थालाई सुदृत बनाउन कुनै पनि क्षेत्रको राष्ट्रिय कार्य समितिको राय सल्लाह बमोजिम संस्थाको क्षेत्रीय समितिले प्रत्येक बर्षमा १ पटक क्षेत्रिय सम्मेलन आयोजना गर्न सक्नेछन ।
१९.० राष्ट्रिय अधिवेशनः
१९.१ कुनै पनि राष्ट्रको राष्ट्रिय अधिवेशन त्यस संस्थाको उच्च निकाय हुनेछ र समय अवधि पनि सोही निकायले तर्जुमा गर्न सक्नेछन । तर पनि साधारणतया २ बर्षको समयमा गर्नु पर्नेछ ।
१९.२ संस्थामा दर्ता पञ्जिकृत भएका कुनै पनि सदस्य/संस्थाको प्रतिनिधित्वले निजको सम्वन्धित देशको राष्ट्रिय अधिवेशनमा विशेष रुपमा सहभागी हुन सक्नेछन ।

भाग ७

**सांगठानिक संरचनाको व्यवस्था**

२०.० अन्तर्राष्ट्रिय कार्यसमिति (Int'l Executive Committee)

२०.१ महाधिवेशन (विश्व सम्मेलन) द्वारा पारीत नीति तथा कार्यक्रम कार्यन्वयन गर्नको लागि संस्थाको एक अन्तर्राष्ट्रिय कार्यसमिति रहनेछ । यो संस्थाको मुख्य कार्यनिकाय हुनेछ ।

२०.२ अन्तर्राष्ट्रिय कार्यसमितिमा अध्यक्ष १, बरिष्ठ उपाध्यक्ष १, उपाध्यक्ष ३, महिला उपाध्यक्ष १, महासचिव १, सचिव २, ~~प्रबक्त~~ १, कोषाध्यक्ष १, सहकोषाध्यक्ष १, महिला संयोजक १, महिला सहसंयोजक १, गरी जम्मा १४ जनाको १ मुख्याधिकारी प्रमुख कार्यपदाधिकारी, सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजक र उप संयोजक ६/६ जना र प्रत्येक देशको राष्ट्रिय कार्य समितिबाट प्रतिनिधित्व गर्ने १/१ जना र राष्ट्रिय कार्यसमिति का अध्यक्ष (पदेन) १ (एक) गरि अन्तर्राष्ट्रिय कार्य समिति रहनेछ ।

२०.३ सम्बन्धित क्षेत्रका (संयोजक/सहसंयोजक) विश्वको निम्न भौगोलिक क्षेत्रको आधारमा हुनेछन् ।

| | |
|---|---|
| २०.३.१ | यूरोप महाव्दिपका राष्ट्र |
| २०.३.२ | मध्यपूर्ब तथा गल्फ राष्ट्र |
| २०.३.३ | एशिया प्यासिफिक राष्ट्र |
| २०.३.४ | अष्ट्रेलिया तथा ओशियाना राष्ट्र |
| २०.३.५ | अमेरीकी महाव्दीपका राष्ट्र |
| २०.३.६ | अफ्रिकी महाव्दीपका राष्ट्र |

२०.४ सम्बन्धित क्षेत्रको राष्ट्रिय कार्य समितिका प्रतिनिधिबाट अन्तर्राष्ट्रिय कार्य समिति सहमति या निर्वाचनको आधारमा मनोनयन तथा निर्वाचित हुनेछन् । तथापी औपचारिक रुपमा अन्तर्राष्ट्रिय कार्यसमितिको कार्यसदस्य बाहेकका पदाधिकारीको हकमा निज प्रतिनिधि र उमेदबार महाधिवेशनमा उपस्थित भएको हुनु पर्नेछ ।

२०.५ महाधिवेशनमा उपस्थित कुनै प्रतिनिधिले विधान तथा यसको परिधिमा रही निर्मित नियामावली मा उल्लेख भए बमोजिम अन्तर्राष्ट्रिय कार्यसमितिको कुनै पदको लागि उमेदबारी दिन योग्य हुनेछन् ।

२०.६ अन्तर्राष्ट्रिय कार्यसमितिमा यथासम्भव कम्तिमा पनि एक राष्ट्र एक सदस्यको आधारमा चुनिने प्रावधानलाई प्राथमिकता दिनु पर्नेछ ।

२०.७ अन्तर्राष्ट्रिय कार्यसमिति कानूनतः सक्रिय हुने अधिकार राख्नेछ ।

२०.८ अन्तर्राष्ट्रिय कार्य समितिले यस विधानको परिधिमा रही बिभिन्न समिति स्थापना गरी तलवी या वेतलावी कार्मचारी नियुक्ति गर्ने र तिनीहरूको तलवमान निर्धारण गर्ने अधिकार राख्नेछ ।

२०.९ अन्तर्राष्ट्रिय कार्यसमितिले संस्थाको काम कार्वाहीको संवन्धमा संस्थाको दृष्टिकोण राख्न ,सञ्चार माध्यम वीचमा समन्वय गर्न,संस्थाको गतिविधि समय समयमा विभिन्न माध्यमबाट सूचना प्रवाह गर्नको लागि १ प्रवक्ता नियुक्त गर्न सक्नेछ । नीजले कार्यसमितिले तोकेको कार्य गर्न या यसले लागू गरेका आचार संहिता तथा विनियमको पालाना गर्नु पर्नेछ ।

२०.१०अन्तर्राष्ट्रिय कार्यसमितिले निर्मित बिभिन्न समिति, बिभाग, कार्यदल तथा निकाय उपर निर्देशन जारी गर्ने या उचित निगारानी राख्ने अधिकार कार्यकार्य समितिलाई हुनेछ ।

२०.११ अन्तर्राष्ट्रिय कार्य समितिले विशेष समिति गठन गरी तिनीहरूको काम, कर्तव्य तथा अधिकार तोक्न सक्नेछ तर संस्थाका अन्य यस्तै निकायलाई मात्र गर्न भनिएको कार्य यस्ता कुनै विशेष समितिले गर्न पाउँने छैनन।

२०.१२अन्तर्राष्ट्रिय कार्यसमितिले महाधिवेशनको आयोजना गर्ने तथा क्षेत्रिय सम्मेलन तथा राष्ट्रिय अधिवेशन आयोजना गराउन निर्देशन गर्न सक्नेछन् ।

**२१.० अन्तर्राष्ट्रिय कार्य समितिको तथा मुख्याधिकारी प्रमुख कार्यपदाधिकारी(CEO) को बैठकः**

२१.१ मुख्याधिकारी (कन्द्रीय प्रमुख कार्यपदाधिकारी सचिवालय)को बैठक अनलाइन कम्तिमा ३ महिनामा १ पटक अनिवार्य बस्नु पर्नेछ र आवश्यक परेको अवस्थामा सोही बमोजिम पनि बस्न सक्नेछ । तर कार्य समितिको पूर्ण बैठक तत्काल बस्न सम्भव नभएको तर कुनै निर्णय गर्न अति आवश्यक परेको अवस्थामा अन्तर्राष्ट्रिय कार्य पदाधिकारीले महाधिवेशनबाट निर्देशित गरे वमोजिम निर्णय गर्न र सो को कार्यन्वयन गर्न गर्न सक्नेछ । यदि त्यस्ता निर्णयहरू आसन्न कार्य समितिको पूर्ण बैठकको बहुमतले अनुमोदन गरेमा कार्यसमितिको निर्णय सरह हुनेछ तर अनुमोदन नभएमा कार्य समितिले निर्णय गरे बमोजिम हुनेछ ।

२१.२ मुख्याधिकारी तथा कार्य समितिको बैठकको कार्यविधि निर्धारण गर्ने अधिकार मुख्याधिकारी (प्रमुख कार्यपदाधिकारी केन्द्रीय कार्यसचिवालय) लाई हुनेछ ।

२१.३ अन्तर्राष्ट्रिय कार्य समितिको महासचिवले कार्य समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्य प्रतिनिधिहरूलाई बैठकमा सहभागी हुन आव्हान गर्नेछन ।
२१.४ न्यूनतम आधा (५० प्रतिशत) भन्दा बढी प्रतिनिधि सदस्यको उपस्थितिमा बैठक सञ्चालनको लागि गण(पूरक संख्या पुगेको मानिनेछ ।

२२.० सचिवालय:
२२.१ संस्थाको दैनिक क्रियाकलाप सञ्चालन गर्नको लागि १ (एक) सचिवालय रहनेछ ।
२२.२ अन्तर्राष्ट्रिय कार्य समितिले सचिवालयको लागि कार्यनिर्देशक,लेखा निर्देशक, सूचना तथा सून्चार अधिकृत लगायत अन्य आवश्यक कर्मचारी नियुक्त गर्न सक्ने छ ।
२२.३ सचिवालयले अन्तर्राष्ट्रिय कार्य समितिले जारी गरिएका निर्देशक सिद्धान्त तथा नीति,नियम अनुरुप कार्य सञ्चालन गर्नु पर्नेछ ।
२२.४ सचिवालयको कार्यनिर्देशक, अधिकृत या उनको प्रतिनिधिले अन्तर्राष्ट्रिय कार्य समितिको बैठक,अधिवेशन तथा महाधिवेशनमा सहभागी हुन पाउनेछन् तर तिनीहरूलाई निर्णय गर्ने तथा मतदान गर्ने अधिकार हुने छैन ।

२३.० राष्ट्रिय कार्य समिति:
२३.१ कुनै पनि राष्ट्रमा त्यहाँको विद्यमान कानूनी व्यवस्था वमोजिम राष्ट्रिय कार्यसमिति स्थापना गर्न सक्नेछ । तर संस्थाको राष्ट्रिय कार्यसमितिको गठनका लागि कम्तिमा पनि ज्ञछरद्दण जना साधारण सदस्य हुनु पर्नेछ ।
२३.२ विधानको परिधिभित्र रही राष्ट्रिय कार्य समितिले संस्था रहेको सम्वन्धित देश र राष्ट्रको ऐन वमोजिम सम्बन्धित राष्ट्रमा या नेपाली दूतावास या नियोगमा दर्ता गर्न सक्नेछन् । उक्त राष्ट्रको कानूनमा प्रावधान नभए नेपाली दूतावासमा या नियोगमा सूचिकृत गर्न सक्नेछन । यदि सो राष्ट्रमा उल्लेखित नियोग नभएको अवस्थामा दर्ता तथा सूचिकृत गर्न अनिवार्य हुने छैन ।
२३.३ राष्ट्रिय कार्य समितिमा अध्यक्ष१, उपाध्यक्ष१, महासचिव१, सचिव१, कोषाध्यक्ष सह कोषाध्यक्ष १ र गरि राष्ट्रिय कार्यसमिति गठन गर्न सक्नेछन ।
२३.४ राष्ट्रिय कार्यसमितिको संरचना सके सम्म दफा २३.३ बमोजिम र सो नभएमा सम्बन्धित राष्ट्रको प्रशासनिक तथा भौगोलिक विभाजन वमोजिम कार्य समितिले निर्धारण गर्न सक्नेछन ।

२३.५ सम्बन्धित राष्ट्रका कार्यसमितिले संस्थाका उदेश्य हाशिल गर्न विधानमा व्यवस्था भए वमोजिम अधिकतम स्वायत्ता प्राप्त गर्न सक्नेछन ।
२३.६ संस्थाको प्रतिक चिन्ह, झण्डा, छाप, नाम पत्र, सदस्यता आवेदन फारम, परिचयपत्र, शपथग्रहण आदि ईत्यादि कुरा यथा सम्भव संस्थाको विधानमा तोकिए बमोजिम हुनेछन ।
२३.७ राष्ट्रिय कार्य समितिले राष्ट्रिय अधिवेशन द्वरा आवश्यक नियम तथा बिनियम पारीत गर्न सक्नेछन । तर त्यस्ता कुनै पनि दफा या उपदफा यस विधानसंग बाझिएमा या बाझिएको हदसम्म स्वत: निश्कृय हुनेछन ।
२३.८ राष्ट्रिय कार्य समितिको पदावधि साधारणतया: २ (दुई) बर्षको हुनेछ ।
२३.९ कुनै पनि राष्ट्रिय कार्य समितिले संस्था रहेको राष्ट्रको प्रशाशनिक तथा भौगोलिक बिभाजन अनुरूप आवश्यक्ता बमोजिम शाखा(उपशाखा स्थापना गर्न बञ्चित हुने छैनन् ।

२४.० राष्ट्रिय कार्य समितिको काम, कर्तव्य तथा अधिकार:
२४.१ संस्थाको वैधानिक पञ्जिकृत सदस्य(संस्था आवेदन गर्ने अधिकार राष्ट्रिय कार्य समितिमा हुनेछ ।
२४.२ संस्थाको विधानको परिधिभित्र रहेर कुनै पनि क्षेत्रिय वा शाखा स्थापना गर्न र विधटन गर्ने तथा नियम विनियम निर्माण गर्ने र निर्देशिका जारी गर्ने अधिकार सम्वन्धित देश र राष्ट्रको राष्ट्रिय कार्य समितिमा नीहित हुनेछ ।
२४.३ कुनै पनि पञ्जिकृत पदेन सदस्यले यस संस्थाको विधान या राष्ट्रिय विधानको नियम भंग अथवा आस्था विपरीत क्रियाकलाप गरेको पाईएमा निजलाई निलम्बन गर्ने या निजको पञ्जिकृत दर्ता सदस्य खारेज गर्ने अधिकार राष्ट्रिय कार्य समितिमा रहनेछ । यस अनुसार निलम्वन या खारजीमा परेका सदस्यलाई राष्ट्रिय कार्य समितिले गरेको निर्णय विरूद्ध ९० ( नव्बे) दिन भित्र अन्तर्राष्ट्रिय कार्य समितिमा अपिल पेश गर्ने अवसर प्रदान गरिनेछ ।
२४.४ राष्ट्रिय कार्य समितिले सञ्चालन गरेको क्रियाकलापको प्रतिवेदन सम्वन्धित देशरराष्ट्रको अन्तर्राष्ट्रिय कार्य समितिको पदाधिकारी र सदस्य मार्फत अन्तर्राष्ट्रिय कार्य समितिमा पेश गर्नु पर्नेछ ।

२४.५ विधानको दफा ७.३ मा व्यवस्था भए वमोजिम हरेक राष्ट्रिय कार्य समितिले पञ्जिकृत सदस्य⁄संस्था शुल्क समयमा नै अन्तर्राष्ट्रिय कार्यसमितिले निर्धारण गरेको समय सिमामा उपलब्ध गराउनु पर्नेछ । यदि कुनै पनि सदस्य(संस्थाले दफा ७.३ मा तोकेको शुल्क भुक्तानी गर्न असमर्थ हुनको कारण सहित जाहेर गरेमा त्यस्ता सदस्य⁄संस्थालाई अन्तर्राष्ट्रिय कार्यसमितिले पूनः विचार गरी सहमतिको आधारमा विधानको परिधिभित्र रही शुल्क निर्धारण गर्न सक्ने छ ।
२४.६ यस संस्थाको महाधिवेशन, अधिवेशन तथा सभा⁄सम्मेलनमा भाग लिनका लागि वैधानिक सदस्य⁄संस्थाले बुझाएको आवेदन दर्ता अभिलेख राख्ने व्यवस्था राष्ट्रिय कार्यसमितिले पनि गर्नु पर्नेछ ।
२४.७ प्रत्येक बैठक, सभा सम्मेलनको गणपूरक संख्या सम्पूर्ण सदस्य संख्याको आधा (५० प्रतिशत) भन्दा बढी हुनु पर्नेछ ।

भाग ८
अन्तर्राष्ट्रिय कार्यसमितिको काम, कर्तव्य तथा अधिकार
२५.० अन्तर्राष्ट्रिय कार्यसमितिका मुख्याधिकारी तथा पदाधिकारीको काम, कर्तव्य तथा अधिकारः

२५.१.० अध्यक्षको काम, कर्तव्य तथा अधिकारः
२५.१.१ अन्तर्राष्ट्रिय कार्यसमिति मार्फत आयोजित सम्पूर्ण बैठक, सभासम्मेलनको अध्यक्षता गर्ने ।
२५.१.२ संस्थाको बखष्दजबनबतभय लष्चधबज नबचलभ।
२५.१.३ महाधिवेशन द्धारा पारीत नीति,निर्देशन तथा नियमको पालना गर्ने र गराउने ।
२५.१.४ अन्तर्राष्ट्रिय कार्यसमिति द्धारा आयोजित क्रियाकलापको निर्देशन तथा अनुगमन गर्ने या गराउने ।
२५.१.५ महासचिवलाई मुख्यधिकारी तथा कार्यसमितिको बैठक बोलाउन सूचना एवं निर्देशन दिने ।
२५.१.६ मुख्याधिकारी (केन्द्रीय कार्य सचिवालय), सचिवालय एवं अन्य समिति, विभाग तथा कार्यदलको क्रियाकलापको निरिक्षण तथा मुल्याङकन गर्ने ।
२५.१.७ अन्तर्राष्ट्रिय कार्यसमितिले आवश्यक्ता बमोजिम प्रदान गरेका जिम्मेवारी एवं काम(कार्य सम्पादन गर्ने ।
२५.१.८ अन्तराष्ट्रिय कार्यसमितिको अध्यक्षले २ कार्यकाल भन्दा बढि दोहोराउन पाउने छैन ।

२५.२.० बरिष्ठ उपाध्यक्षको काम,कर्तव्य तथा अधिकारः
२५.२.१ अध्यक्षको अनुपस्थितिमा अध्यक्षको सबै काम, कर्तव्य, तथा अधिकार का साथै उत्तरदायित्व बहन गर्ने ।
२५.२.२ अध्यक्षको काम(काजमा सहयोग पुर्याउने ।
२५.२.३ अन्तर्राष्ट्रिय कार्यसमिति क्षेत्रिय समन्वय परिषदका पदाधिकारीसंग समन्वय गर्ने ।
२५.२.४ आवश्यकता वमोजिम कार्यसमितिले दिएका जिम्मेवारीको कार्य(सम्पादन गर्ने ।

२५.२.६ उपाध्यक्ष (महिला(संरक्षण) को काम, कर्तव्य तथा अधिकारः
२५.२.६.१ अध्यक्ष तथा वरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा उनीहरूले गर्ने सम्पूर्ण काम, कर्तव्य तथा अधिकारका साथै उत्तरदायित्व बहन गर्ने ।
२५.२.६.२ अध्यक्ष तथा बरिष्ठ उपाध्यक्षको काममा सहयोग पुर्याउने ।
२५.२.६.३ संस्थामा महिला सहभागिता, स(शक्तिकरण तथा अन्य कार्यमा बिशेष भूमिका निर्बाह गर्ने ।
२५.२.६.४ आवश्यक्ता बमोजिम कार्याकारी समितिले दिएका जिम्मेवारीको कार्य(सम्पादन गर्ने ।

२५.३.० महासचिवको काम, कर्तव्य तथा अधिकारः
२५.३.१ मुख्याधिकारी (केन्द्रीय कार्यसचिवालय) तथा अन्तर्राष्ट्रिय कार्यसमितिका सम्पूर्ण बैठक, सभा(सम्मेलनका सूचना प्रबाह गर्ने ।
२५.३.२ अन्तर्राष्ट्रिय कार्यसमितिले आयोजना गरेका सम्पूर्ण बैठक, सभा(सम्मेलनको सञ्चालन गर्ने ।

२५.३.३ अन्तर्राष्ट्रिय कार्यसमिति मार्फत प्रस्तुत गरिने सांगाठानिक प्रतिवेदन तयार पार्ने ।

२५.३.४ संस्थाको उत्तरदायित्व बहन गर्ने

२५.३.५ मूख्याधिकारी (केन्द्रीय कार्य सचिवालय) तथा कार्यसमितिको तर्फदेखि सचिवालयका सम्पूर्ण क्रियाकलापको अभिलेख राख्ने या राख्न लगाउने ।

२५.३.६ अन्तर्राष्ट्रिय कार्यसमिति मार्फत क्षेत्रिय समन्वय परिषदको सचिवलाई क्षेत्रिय गतिविधि तथा क्रियाकलापको अभिलेख राख्न लगाउने ।

२५.३.७ क्षेत्रिय तथा राष्ट्रिय कार्यसमितिबाट प्रतिवेदन तथा अन्य सुझाव संकलन गर्ने या गर्न लगाउने ।

२५.३.८ अन्तर्राष्ट्रिय कार्यसमितिले दिएको काम तथा जिम्मेवारीको उत्तरदायित्व बहन गर्ने ।

२५.४.० सचिवको काम, कर्तव्य तथा अधिकारः

२५.४.१ सचिवको अनुपस्थितिमा निजले गर्ने सम्पूर्ण कार्य गर्ने ।

२५.४.२ कार्यसमितिव्दारा प्रस्तुत सांगाठानिक प्रतिवेदन तयारी पार्ने कार्य लगायतका अन्य कार्यमा महासचिवलाई सहयोग गर्ने ।

२५.४.३ अन्तर्राष्ट्रिय कार्यसचिवालय तथा कार्यसमितिले पारीत निर्णय सम्बन्धित सबैलाई जानकारी गराउने ।

२५.४.४ क्षेत्रिय समन्वय समिति या राष्ट्रिय कार्यसमितिबाट प्रस्तुत प्रस्ताव,सूचना तथा सल्लाह संकलन गरी अध्यक्ष तथा महासचिवलाई जानकारी सहित उपलव्ध गराउने ।

२५.४.५ आवश्यक्ता बमोजिम अन्तर्राष्ट्रिय कार्यसमितिव्दारा दिएको जिम्मेवारी बहन गर्ने ।

२५.५.० कोषाध्यक्षको काम, कर्तव्य तथा अधिकारः

२५.५.१ संस्थाको सम्पूर्ण चल(अचल जायजेथा सम्पत्ति तथा वित्तिय कारोवारको व्यवस्थापन एवं उत्तरदायित्व बहान गर्ने ।

२५.५.२ कार्यसमितिव्दारा प्रस्तुत गरिने आर्थिक प्रतिवेदन तयार पार्ने ।

२५.५.३ निश्चित समयमा वार्षिक आर्थिक प्रतिवेदन तयार पारी लेखा परिक्षण कार्यमा सहयोग पुर्याउने ।

२५.५.४ संस्थाको तर्फदेखि वैकिङ कारोबार गर्न वैङक खाता सञ्चालन गर्ने ।

२५.५.५ अन्तर्राष्ट्रिय कार्यसमितिको तर्फदेखि बिभिन्न आर्थिक श्रोतको खोजी गर्ने ।

२५.५.६ आवश्यक्ता बमोजिम कार्यसमितिले दिएका जिम्मेवारी बहन गर्ने ।

२५.५.७.० सह(कोषाध्यक्षको काम, कर्तव्य तथा अधिकारः

२५.५.७.१ कोषाध्यक्षको अनुपस्थितिमा निजको सम्पूर्ण कार्य समाल्ने ।

२५.५.७.२ संस्थाको अचल(सम्पत्ति (जिन्सी) को व्यवस्थापन कार्यको जिम्मेवारी बहन गर्ने ।

२५.५.७.३ कोषाध्यक्षलाई आर्थिक प्रतिवेदन तयार पार्न सहयोग गर्ने ।

२५.५.७.४ महाधिवेशनमा संस्थाको तर्फबाट जिन्सी प्रतिवेदन तयार पारी प्रस्तुत गर्ने ।

२५.५.८.५ आवश्यक्ता बमोजिम कार्यसमितिले दिएको जिम्मेवारी बहन गर्ने ।

२५.६.० क्षेत्रिय संयोजकको काम,कर्तव्य तथा अधिकारः

२५.६.१ सम्बन्धित क्षेत्रिको क्षेत्रिय बैठक,सभा(सम्मेलनको अध्यक्ता गर्ने ।

२५.६.२ कार्यसमितिलाई क्षेत्रिय गतिविधिको प्रतिवेदन संयोजन गर्ने ।

२५.६.३ कार्यसमिति मार्फत सम्बन्धित क्षेत्रको राष्ट्रिय कार्यसमितिलाई आवध्दताको लागि उत्प्रेरणा जगाउने ।

२५.६.४ कार्यसमितिले दिएको काम,कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने ।

२५.६.५ कार्यसमिति तथा सम्बन्धित क्षेत्रका राष्ट्रिय कार्यसमिति बीच समन्वयकारी भूमिका गरी संयोजकको हैशियतले कार्य गर्ने ।

२५.६.६ क्षेत्रिय सम्मेलन आयोजना गर्नको लागि सम्वन्धित क्षेत्रको राष्ट्रिय कार्यसमितिलाई समन्वय गरी अन्तर्राष्ट्रिय कार्यसमितिलाई जानकारी गराउने ।

२५.७.० क्षेत्रिय सहसंयोजकको काम,कर्तव्य तथा अधिकारः

२५.७.१ सम्बन्धित क्षेत्रको बैठक तथा सभा(सम्मेलन सञ्चालन गर्ने ।

२५.७.२ क्षेत्रिय समन्वय समितिव्दारा क्षेत्रिय प्रतिवेदन तयार पारी उप(महासचिव मार्फत कार्यसमितिमा बुझाउने ।

२५.७.३ राष्ट्रिय प्रतिनिधि तथा सम्वन्धित क्षेत्रभरिका राष्ट्रिय कार्यसमिति बीच सांगाठानिक संरचनामा समन्वय कायम गर्ने ।
२५.७.४ राष्ट्रिय कार्यसमिति स्थापनाका लागि सम्वन्धित क्षेत्रमा उत्प्रेरकको भूमिका निर्बाह गर्ने ।
२५.७.५ कार्यसमितिले दिएका जिम्मेवारी पूरा गर्ने ।

२५.९.० कार्यसमितिका सदस्यको काम,कर्तव्य तथा अधिकारः
२५.९.१ कार्यसमितिको बैठक, सभा(सम्मेलनमा सहभागी हुने ।
२५.९.२ राष्ट्रिय कार्यसमितिको प्रतिवेदन संकलन गरी क्षेत्रिय सचिवलाई उपलव्ध गराउने ।
२५.९.३ क्षेत्रिय सम्मेलन तथा अन्तरार्ष्ट्रिय महाधिवेशनमा प्रतिनिधिको रुपमा सहभागी हुने ।
२५.९.४ अन्तरार्ष्ट्रिय कार्यसमितिको बैठकमा प्रस्तुत छलफलको विषयबस्तु उपलब्ध गराउने र आवश्यकता परेमा मतदान गर्ने ।
२५.९.५ अन्तरार्ष्ट्रिय कार्यसमितिले दिएका काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने ।

भाग ९
संस्थाका बिभिन्न समितिहरु

२६.० निर्वाचन समितिको संरचनाः
२६.१ संस्थाको अन्तरार्ष्ट्रिय कार्यकारीको मुख्याधिकारी,पदाधिकारी एवं कार्यसमितिको निर्वाचन महाधिवेशन (विश्व(सम्मेलन) मा सहभागी सदस्य(संस्थाका प्रतिनिधि सदस्य मध्यबाट हुनेछ ।
२६.२ अन्तरार्ष्ट्रिय कार्यसमितिको मुख्याधिकारी तथा पदाधिकारीको निर्वाचन महाधिवेशन ( विश्वसम्मेलन) मा उपस्थित प्रतिनिधि मध्येबाट निर्वाचित हुनेछन । अन्तरार्ष्ट्रिय कार्यसमितिको कार्यसदस्य आ(आफ्नो देशको अन्तरार्ष्ट्रिय कार्यसमितिका प्रतिनिधिका रूपमा प्रतिनिधित्व गर्न सम्बन्धित देशको राष्ट्रिय कार्यसमितिबाटै चयन हुनेछन । कुनै कारणवश कुनै पनि पदाधिकारी अथवा अन्तरार्ष्ट्रिय कार्यसमिति सदस्यको पद पदावधि समाप्त नहुदै रिक्त हुन गएमा आसन्न महाधिवेशन (विश्व(सम्मेलन) सम्मका लागि अन्तरार्ष्ट्रिय समितिले पद पूर्ति गर्न सक्नेछ ।
२६.३ अन्तरार्ष्ट्रिय तथा राष्ट्रिय कार्यसमितिको पदाधिकारीको निर्वाचनका लागि सम्बन्धित निकायले निर्वाचन समितिको गठन गरी निर्वाचन सम्पन्न गराउनेछन । निर्वाचनको लागि आवश्यक नियमावली तथा निर्वाचन कार्यविधि निर्वाचन समितिले नै निर्धारण गर्न सक्नेछन ।
(नोटः प्रथम अधिवेशनमा निमयावली तथा कार्यविधि प्रयोजन गरिएको )

२७.१. सल्लाहकार समिति गठनः अन्तरार्ष्ट्रिय कार्यसमितिलाई आवश्यक सल्लाह(सुझाव तथा मार्गदर्शन दिनको लागि एक सल्लाहकार समिति रहनेछ । अन्तरार्ष्ट्रिय कार्यसमितिले गर्न सक्नेछ । यस समितिका सदस्य संस्थाको सम्पूर्ण बैठक,सभा(सम्मेलनमा सहभागी हुन पाउनेछन् तर मताधिकार प्रयोग गर्नबाट बञ्चित रहनेछन ।

२७.२ व्यवस्थापन समितिः यस विधानको परिधिमा रही आवश्यक परेमाको बखत स्थानीय स्तरमा स्थानीय कार्यक्रम व्यवस्थित तरिकाले सञ्चालन गर्न एक स्थानिय व्यवस्थापन समिति गठन गर्न सकिनेछ । यस समितिको काम, कर्तव्य तथा अधिकार नियमावली बमोजिम हुनेछ ।

२७.३ संरक्षक समितिः
२७.३.१ संरक्षक समितिको गठनः संस्थामा उल्लेख्यनिय योगदान दिएका व्यक्तिहरूलाई संस्थामा नै आवध्द गराउने मूल उदेश्यले विधानको वृहत्तर दायराभित्र रहने गरी संस्थाको हितको लागि योगदान दिनको लागि उचित वातावरण सृजना गरी संस्थाको आविभावकत्वको हैशियतले योगदान गर्न १ प्रमुख संरक्षक सहित समिति कार्यसमितिले गठन गर्न सक्नेछ ।
२७.३.२ संरक्षक समितिको काम, कर्तव्य तथा अधिकारः
२७.३.२.१ संस्थाले अवलम्वन गर्ने हरेक नीति वमोजिम कार्य सम्पादन गर्ने ।
२७.३.२.२ संस्थाले अधि सारेका कार्यक्रमहरू गर्न आफ्नो तर्फदेखि योगदान गर्ने ।

२७.३.२.३ संस्थाको अनुरोध बमोजिम विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न निकाय तथा फोरमहरूमा विविध विषयहरूका लागि संस्थाको प्रतिनिधित्व गर्ने ।
२७.३.२.४ संस्थाको हरेक तहका गतिविधिहरूमा सरिक हुन पाउने ।
२७.३.२.५ संस्थाको हरेक सूचना प्राप्त गर्न पाउने ।
२७.३.२.६ अन्तर्राष्ट्रिय कार्यसमितिको बैठकमा सहभागी हुन पाउने तर मतदान गर्न तथा गणपुरक संख्याको लागि निर्णायक नहुने ।
२७.३.२.७ अन्तर्राष्ट्रिय कार्यसमिति निश्कृय रहन गई वा अत्यन्तै विवादित भइ संस्था विभाजित हुने अवस्थाको सृजना भएमा संरक्षक समितिले कार्यसमितिलाई बैठक बस्न निर्देशन दिने र बैठक बस्न नसेके वा निर्देशनको पालाना नभए सम्पूर्ण राष्ट्रिय कार्यसमितिको अध्यक्षहरूको भेला आयोजना गर्ने र संस्थाको संरक्षक गर्ने ।

२७.४ स्थानीय समन्वय समिति:
२७.४.१ संस्थाको स्थानीय काम कार्वाहीहरू सुव्यवस्थस्थित तरिकाले गर्न तथा संसारका बिभिन्न मुलुकहरूको संस्थाहरूलाई समन्वय कारी भुमिका निर्बाह गर्न कार्यसमितिले स्थानीय स्तरमा १ स्थानीय समन्वय समिति गठन गर्न सक्ने छ ।
२७.४.२ स्थानीय समन्वय समितिको गठन, काम,कर्तव्य,अधिकार तथा जिम्मेवारी यस विधानको परिधिभित्र रही कार्य समिति ले नियावली तथा कार्यविधि तयार पारी सो बमोजिम गर्न सकिनेछ ।
२७.५ महाधिवेशन सञ्चालन समिति (अध्यक्ष मण्डल)
२७.५.१ संस्थाको महाधिवेशनको बन्द (छलफल) सत्र सुव्यवस्थित तरिकाले सञ्चालन गर्न १ अध्यक्ष (प्रमुख) सहित बढीमा ५ जनाको एक महाधिवेशन सञ्चालन समिति ( मण्डल) महाधिवेशन हुनु भन्दा २ महिना आधावै कार्यसमितिले गठन गर्न सक्नेछ ।
२७.५.२ यस समितिले यस विधानको परिधिभित्र रहि नियामावली तथा कार्यविधि सो समितिले नै निर्माण गर्न सकनेछ ।

भाग १०
विविध

२८.० विधान संशोधन: महाधिवेशन (विश्व(सम्मेलन) मा उपस्थित सम्पूर्ण सदस्य(संस्थाका सम्पूर्ण प्रतिनिधि संख्याको २५ (पच्चिस) प्रतिशत सदस्य(संस्था तथा प्रतिनिधिले महाधिवेशन (विश्व(सम्मेलन) मा विद्दमान विधानको कुनै परिवर्तनिय दफा तथा उपदफा संशोधन गर्न चाहेमा प्रस्ताव दर्ता गर्न सक्नेछन् । यस्ता प्रस्ताव माथि छलफल गरी महाधिवेशन (विश्व( सम्मेलन) मा उपस्थित प्रतिनिधि सदस्य(संस्थाको ५० (पचास) प्रतिशत भन्दा बढी सदस्य( संस्था तथा ती सदस्य(संस्थाका प्रतिनिधि मध्येको दुई तिहाई) प्रतिनिधिको बहुमतको निर्णय भएमा मात्र विधान संशोधन भएको मानिनेछ र संशोधन गरिनेछ । उक्त विधानको संशोधित दफा तथा उपदफा महाधिवेशनले आवश्यक्ता बमोजिम आन्तरिक रूपमा लागू गर्न सक्नेछ र वैधानिकता प्राप्त गर्नको लागि जिल्ला प्रशासन कार्यालय मार्फत स्थानीय अधिकारीको जानकारी जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिनेछ र स्थानीय अधिकारीले स्वीकृत प्रदान गरेपछि मात्र पूर्ण रुपमा कार्यान्वयन हुनेछ ।
२९.० तदर्थ समिति: विधान बमोजिम वैधानिक समिति गठन नहून्जेल सम्म वैधानिक समितिले गरे सरह मान्य हुने गरी काम गर्न एक तदर्थ समिति गठन गरिने छ । तर विधान वमोजिम समिति गठन भएमा सो समिति स्वत: विघटन हुनेछ ।
३०.० व्याख्या गर्ने अधिकार: यस विधानको व्याख्या गर्ने अधिकार अन्तर्राष्ट्रिय कार्यसमितिलाई हुनेछ ।
३१. निश्कृय हुने: यस विधानमा उल्लेखित कुनै पनि दफा या उपदफा नेपालको ऐन( कानूनसंग या यसै विधानसंग बाझिन या बाझिएको हदसम्म स्वत: निश्कृय या अमान्य हुनेछ ।
३२.० संघ/संस्थाको सहकार्यता: यसै विधानको दफा(५ मा उल्लेख भए बमोजिमका उद्देश्य प्राप्तीका लागि यस संस्थाले विश्वभरीका संघ संस्थासंग सहकार्य वा समन्वय गर्न सक्नेछ ।
३३.० विघटन: यस संस्थाको महाधिवेशन (विश्व(सम्मेलन) मा उपस्थित सम्पूर्ण पञ्जिकृत सदस्य संस्थाको प्रतिनिधिको तिन चौथाई) प्रतिनिधिको सदस्य(संस्थाको अधिकतम बहुमतव्दारा संस्थाको औचित्य नभएको स्पष्ट कारण सहितको लिखित प्रस्ताव महाधिवेशन (विश्व(सम्मेलन) ले पारित गरेमा संस्था विघटन हुन सक्नेछ । यदि संस्था विघटन भएमा संस्थाको सम्पूर्ण सम्पत्ति प्रचलित कानून बमोजिम नेपाल सरकारलाई स्वत: हस्तानतरण भएको मानिनेछ ।

३४.० प्रयोजनिय कानून: नेपालको विद्दमान सबै ऐन(कानून यस संस्थाको सबै सन्दर्भमा स्वत: लागू हुनेछ ।
३५.० प्रतिवध्दता: प्रस्तावित संस्थाको कुनै क्रियाकलापले नेपाल तथा कुनै विदेशी राष्ट्र, अन्तराष्ट्रिय संघ(संस्थाको संवन्धमा प्रतिकूल असर पार्ने वा नेपालको परराष्ट्र नीतिको वर्खिलाप हुन जाने वा देशको अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा कुनै किसिमको खलल पुग्न जाने काम नगरिने प्रतिवध्दता जाहेर गर्दछौ ।

२९. विधानको संशोधन :-
२९.१. यस विधानको कुनै पनि धारा, उपधाराको संशोधन खारेजी थप घट वा परिवर्तन गर्ने प्रस्ताव अन्तर्राष्ट्रिय कार्यकारि समिति को पदाधिकारी सदस्यहरु मध्ये २५
(पच्चिस) प्रतिशतले पेश गर्न सक्नेछन् । यसरी पेश गरिएको प्रस्ताव अन्तर्राष्ट्रिय महाधिवेशन उपस्थित दुई तिहाई बहुमतबाट पारित गर्न सकिनेछ । म्याग्दी प्रवासी
२९.२. विधानको कुनै धाराहरु संशोधन वा खारेज गर्ने प्रस्ताव पारित भएमा सो प्रस्ताव तत्कालै लागू हुनेछ ।
३०. निष्काशन :-
अन्तर्राष्ट्रिय कार्यकारि समिति का पदाधिकारी वा सदस्यहरुले संघलाई नोक्सानी पुऱ्याउने कुनै खराब आचरण गरेको ठहर भएमा
राजिनामा दिन लगाइनेछ । यदि सो व्यक्तिले राजिनामा दिन इन्कार गरेमा अन्तर्राष्ट्रिय कार्यकारि समिति को बैंठकमा उपस्थित
सदस्यहरुको सामान्य बहुमतबाट निजलाई निष्काशन गर्न सकिनेछ । यसरी निष्काशन गर्नु पूर्व निजले गरेको आचरणको बारेमा ३०
दिन भित्र स्पष्ट गर्ने उचित अवसर दिइनेछ । यस धाराको प्रयोजनका लागि अन्तर्राष्ट्रिय कार्यकारि समिति ले एक अनुशासन समितिको
गठन गर्न सक्नेछ ।
३१. विधानको व्याख्या :-
यो विधानको व्याख्या गर्ने अधिकार अन्तर्राष्ट्रिय कार्यकारि समिति बाट स्थापित विधान सम्बन्धी समितिमा अन्तर्निहित हुनेछ । अन्तर्राष्ट्रिय
कार्यकारि समिति ले एक तीन सदस्यीय विधान सम्बन्धी समिति गठन गर्नेछ । विधान सम्बन्धी समितिले गरेको व्याख्या अन्तिम मानिनेछ ।
३२. अन्य संघ संस्थाहरुसंगको सहकारिता :-
संघले यस विधानमा उल्लेख गरिएका उद्देश्यहरु प्राप्तिका लागि नेपाली एवं म्याग्दी प्रवासी नेपाली संघ संस्थाहरुसंग समन्वय गर्न सक्नेछ ।
३३. अन्तर्राष्ट्रिय कार्यकारि समितिको विघटन :-
सम्पूर्ण पञ्जिकृत सदस्यहरुको साधारण बहुमतले चाहेमा अन्तर्राष्ट्रिय कार्यकारि समिति विघटन हुनेछ । अन्तर्राष्ट्रिय कार्यकारि समिति
विघटन भएको मितिले बढिमा ३ महिना भित्र विशेष महाधिवेशनको बैठक बसी नयां अन्तर्राष्ट्रिय कार्यकारि समिति को निर्वाचन सम्पन्न
गर्नु पर्नेछ ।
३४. संघको खारेजी :-
विश्वभरका कुल राष्ट्रिय कार्यकारि समिति हरु मध्ये पचहत्तर प्रतिशत राष्ट्रिय कार्यकारि समिति हरुको राष्ट्रिय महाधिवेशनहरुमा राष्ट्रिय
कार्यकारि समिति हरुका सदस्यहरु मध्ये पचहत्तर प्रतिशत सदस्यहरुले संघको विघटन प्रस्ताव पारित गर्ने निर्णय गरेमा वा विधान
बमोजिम संघले कार्य संचालन गर्न नसकेमा संघको विघटन हुनेछ । उपरोक्त कुनै कारणले संघ विघटन भएमा संघको सम्पत्ति नेपाल
सरकारको स्वामित्वमा सर्ने छ । र उक्त सम्पक्तिले थामेसम्मको संघको दायित्व नेपाल सरकारले व्यहोर्ने छ । संघ विघटनको यस्तो
निर्णय अन्तर्राष्ट्रिय कार्यकारि समिति ले अनुमोदन गरेको मितिले ६ महिना पछि लागु हुने छ ।
३५. लागू हुने कानून :-
यो विधानको कुनै प्रावधान प्रचलित नेपाल कानून संग बाझिएमा बाझिएको हदसम्म नेपाल सरकारको कानून बमोजिम हुनेछ ।
अनुसूची-१

संघको प्रतिक चिन्ह :-

वृत्तको घेरा भित्र अंग्रेजी ठूलो अक्षरमा :थ्बन्म्क्ष इख्भच्क्भ्ब्व लभएबिक्ष ब्क्क्इत्रक्ष्ब्त्क्ष्इल लेखिएको माथि र तलँ वृत्तमा म्याग्दी प्रवासी नेपाली संघ  नेपाली अक्षरमा लेखिएको चिन्ह नै र बिच भागमा धवलागिरि हिमाल मा म्याग्दी जिल्लाको नम्सा को भित्रमा लाली ग'रासको चित्र भएको संघको प्रतिक चिन्हको नमुना हुनेछ ।

प्रतिक चिन्हको नमुना :-

अनुसूची-२

कार्यालयको छाप :-

अन्तर्राष्ट्रिय कार्यकारि समिति

अनुसुची - ३

कार्यालयको लेटर हेडको नमुना अंग्रेजी र नेपाली भाषामा देहाय बमोजिम हुनेछ :


म्याग्दी प्रवासी नेपाली संघ
अन्तर्राष्ट्रिय कार्यकारी समिति
MYAGDI OVERSEAS NEPALESE ASSOCIATION
INTERNATIONAL EXECUTIVE COMMITTEE (IEC)

अनुसुची - ४

आवेदन फारमको नमुना

पुरा नाम थर

जन्ममिति

जन्म स्थान

गैर आवासीय नेपालीको हैसियतमा

(क) एन.आर.एनपि.एन.ओ वा नं

(च) नेपाली नागरिकता प्रमाण पत्र नं

पुरा ठेगानाः

(क) स्थायीः

टेलिफोनः

मोवाइलः

इमेलः

(ख) अस्थायी (माथिको स्थायी ठेगानाभन्दा फरक भएमा)

टेलिफोनः
इमेलः
हालको बिदेशमा रहदाको बिवरण
(क) कम्पनि वा कार्यालयको नाम :
(ख) ठेगाना :
(ग) व्यवसायको प्रकृति/काम :
(घ) पदको नाम :
(ङ) टेलिफोनः
च) ईमेलः
(क) विदेशमा गएको मिति :
(ख) हाल बसाईको कानुनी स्थिति
(ग) परिवारिक स्थिति : एकल/ परिवार सहित
(क) बाबुको नाम :
ठेगाना :
(ख) आमाको नाम :
ठेगाना :
(ग) बाजेको नाम :
ठेगाना

अनुसुची - ५
संघको परिचय पत्रको नमुना देहाय बमोजिम हुनेछ :

MYAGDI OVERSEAS NEPALESE ASSOCIATION (MONA)
International Executive Committe 2015-2017
YOGENDRA CHHETRI
PRESIDENT
SIGNATURE
PHOT
CARD NO.001/016/09 VALID TILL : 12/9/2017

म्याग्दी प्रवासी नेपाली संघ
अन्तर्राष्ट्रिय कार्यसमिति २०१५-१७

**If found please return to:**
Myagdi overseas Nepalese association (MONA)
Beni municipality word no. 7, myagdi
Phone: 69520246
Fax: 69520546
Email :myagdimona@gmail.com
Website www.mona.org.np
-------------------------
Card Holder signature

अनुसुची - ६
शपथ :-
म सत्यनिष्ठापूर्वक एवं विवेकपूर्वक सपथ लिन्छु कि यो विधान र स ... ना गर्नेछु । म कहिल्यै पनि
विधानले मलाई दिएका अख्तियारीको दुरुपयोग गर्ने एवं पदको गोपनियता भंग गर्ने कार्य गर्ने छैन । म म्याग्दी प्रवासी नेपाली संघको मुल्य र
मान्यताहरुलाई सदा सर्वोकृष्टताका साथ आत्मासात गर्ने मेरो प्रतिवद्धतालाई अभिव्यक्त गर्दछु ।

॥समाप्त॥